आज मिति २०७३ साल असोज १४ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ८८ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

तपशिल

| सि. न | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | ~~श्री सूर्य बहादुर दुरा~~ (बाबुराम ओली) | वडा अध्यक्ष वडा नं १ का.वा. | बाबुराम ओली |
| ४ | श्री नविन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पौंखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

अन्य उपस्थिति

| सि. नं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ठाकुर जी तिवारी | प्रमुख प्रशासकीय अधिकृत | |

जनक राज मिश्र
नगर प्रमुख

# नगर-कार्यपालिकाको मिति २०७७/०६/१४ गतेको ८८ औ बैठकको निर्णयहरु

निर्णय नं. १ : यस नगरपालिका नगरकार्यपालिका कार्यालय, वडा तथा बिषयगत शाखाहरुको गत आर्थिक बर्ष २०७६/०७७ को बार्षिक समीक्षा मिति २०७७/०६/२१ गते गर्ने निर्णय गरियो।

निर्णय नं. २ : सुन्दरबजार नगरपालिकाको "विद्यालय संचालन तथा विद्यार्थी सिकाई कार्य योजना २०७७" पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ३ : नगरपालिकाका आर्थिक वर्ष २०७७/०७८ का आयोजना संचालन गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो ,

१) नाम तोकिएका ( परिभाषित ) योजनाहरु २०७७ असोज मसान्तसम्ममा उपभोक्ता समिति गठन गरी प्राविधिकबाट लागत अनुमान सम्पन्न गर्ने ,

२) नाम नतोकिएका ( अपरिभाषित ) योजनाहरु २०७७ कार्तिक २० गतेभित्र उपभोक्ता समिति गठन गरी प्राबिधिकबाट लागत अनुमान सम्पन्न गर्ने,

निर्णय नं. ४ : मिति २०७७ असार मसान्तमा करार म्याद समाप्त भएका कर्मचारीहरुको करार म्याद २०७७ पुष मसान्तसम्म थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाइ निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ५ : यस नगरपालिकाको युवा तथा खेलकुद कार्यक्रमका लागि यस न. पा. वडा नं २ का वडा अध्यक्ष श्री नविन कुमार श्रेष्ठलाई युवा परिचालन संयोजक तोक्ने निर्णय गरियो।

निर्णय नं. ६ : यस नगरपालिकाको जीप चलाईरहेका सु. न.पा. वडा नं निवासी श्री कृष्ण रानासंग २०७७ साउन १ गतेबाट लागु हुने गरी करार सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : यस नगरपालिकाको नवनिर्मित प्रशासकीय भवनको रेखदेखका लागि सुपरिबेक्षक तोकिनुभएका श्री देवी पण्डितलाई दैनिक खाजा खर्च स्वरूप २०७७ साउन महिनाबाट लागु हुने गरी रु ४०० ( चार सय रुपैया मात्र ) दिने निर्णय गरियो।

**निर्णय नं ८ :** यस नगरपालिका वडा नं ६ स्थित मानेचौका पुल जाने बाटो बनाउने क्रममा क्षति हुन पुगेको बालीको क्षतिपूर्ति स्वरुप रु ४०,००० ( चालिस हजार रुपैया मात्र ) दिने निर्णय गरियो।

**निर्णय नं ९:** भोटेओडार एकिकृत स्वास्थ्य केन्द्रमा ल्याब संचालन ब्यबस्थापन तथा प्राबिधिक राख्नका लागि कार्तिक महिनाबाट लागु हुने गरी रु ३,००,००० ( तीन लाख रुपैया मात्र ) अनुदान उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं १०:** वर्षाले प्रभाभित भएका यस नगरपालिकाका सडकहरु सम्बन्धि निम्नानुसार निर्णय गरियो।

क) यस नगरपालिका वडा नं २, लेखपानिको पहिरो ब्यबस्थापन गर्नका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने , साथै लागत अनुमान गरी तत्कालका लागि नयाँ ट्र्याक खोल्ने,

ख) संघीय वा प्रदेश सरकारका आयोजना मार्फत निर्माणाधिन सडकहरु तत् सम्बन्धित ठेकेदारहरुलाई तत्काल मर्मत गर्नका लागि डिभिजन सडक कार्यालय गोरखा समक्ष अनुरोध गर्ने,

अन्य सडकहरु मर्मतका लागि प्राबिधिकहरुबाट लागत अनुमान गराई तथा उपभोक्ता समिति मार्फत सम्पन्न गर्न सम्बन्धित वडा कार्यालय लाइ जिम्मा दिन निर्णय गरियो ।

**निर्णय नं ११:** यस नगरपालिका भएर बग्ने पाउदी खोलाको ग्रावेल सार्बजनिक प्रयोजनमा सडक निर्माणका लागि प्रयोग गर्न नियमानुसार कर लिई उत्खनन तथा ब्यबस्थापन गर्न दिने निर्णय गरियो ।

**निर्णय नं १२:** यस नगरपालिकाको स्वामित्वमा रहेको ग १ ग १४४ नं को टिपर लिलाम प्रक्रियामा लैजाने निर्णय गरियो ।

**निर्णय नं १३:** पिपलबोट क्वारेन्टिन सम्बन्धि निम्न निर्णय गरियो ।

क) क्वारेन्टिन ब्यबस्थापनका खटाइएका गार्ड चित्र बहादुर गुरुङसंग २०७७ भदौ १५ बाट लागु हुने गरी सम्झौता गर्ने,

ख) निजको कोरोना बिमा नगरपालिकाले गरिदिने,

ग) निजलाई खाना खाजा उपलब्ध गराउने तथा दैनिक रु ७९० का दरले पारिश्रमिक दिने,

घ) सो क्वारेन्टिनका लागि पिपलबोट रिसोर्टले उपलब्ध गराएको दैनिक खानाको असोज १ गते देखिको दररेट रु ४५० ( चार सय पचास रुपैया मात्र ) तोक्ने,

ङ) सो क्वारेन्टिनको लागि नगरपालिकाले रिसोर्टको हल प्रयोग गर्ने तथा होटेल सम्बन्धित ब्यबसायीलाइ प्रयोग गर्न दिने, साथै उक्त हल रु २०,००० ( बीस हजार मात्र ) असोज १ गतेबाट लागु हुनेगरी सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं १४:** यस नगरपालिका वडा नं ६ स्थित बोगटीबारी- ऐशेलुचौर सडक योजना उपभोक्ता समिति बाट सम्पन्न गर्ने निर्णय गरियो गरियो ।

**निर्णय नं १५:** यस नगरपालिका वडा नं ५ र १० का सेवा निवृत्त कार्यालय सहयोगी श्री लक्ष्मी प्रसाद न्यौपाने र श्री चित्र बहादुर भण्डारीलाई सेवानिवृत्त सम्मान स्वरूप जनही रु १,००,००० ( एक लाख मात्र ) नगद प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १६:** यस नगरपालिका पाउदी बजार गेटमा औषधि / डिस इन्फेक्सन गर्न खटाइनु भएका श्री मान बहादुर घर्ती लाई २०७७ साउन १ गते देखी भदौ ३१ गतेसम्म ६३ दिनको रु ६३,००० ( त्रिसठ्ठी हजार रुपैया मात्र ) दिने निर्णय गरियो

**निर्णय नं १७:** यस नगरपालिकास्थित संचालनमा रहेका क्वारेन्टिन तथा आइसोलेसनमा खर्च भएका निम्नानुसारका रकम अनुमोदन गर्ने निर्णय गरियो ।

क) सुमिन होटेल रु १२९१८२ मात्र को बिल पेश भएकोमा रु ६४४७५ मात्रको रकम छुट भएको

ख) प्रशंशा किराना स्टोर्स आइसोलेसनमा खानेपानी उपलब्ध गराएको रु ४७१५० मात्र

ग) सुरेन्द्र प्रसाद पौडेल सु न पा ९, पिपलबोट क्वारेन्टिनमा खाना खाजा खुवाएको रु ५३८१० मात्र

घ) बन्दीपुरे होटलका संचालक अनिल कुँवर , कृषि क्याम्पस आइसोलेसनमा खाना खाजा खुवाएको रु ४८२०० मात्र

ङ) नमुना सामुदायिक अस्पतालमा आइसोलेसनका बिरामीहरुलाई खाना खाजा खुवाएबापत साउन महिनाको रु २५५८५५ मात्र

च) नमुना सामुदायिक अस्पतालमा आइसोलेसनका बिरामीहरुलाई खाना खाजा खुवाएबापत भदौ महिनाको रु २५९०७५ मात्र

**निर्णय नं १८** : तपशिल अनुसारका आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

क) राजन शाही उपचार खर्च रु २०,००० ( बिस हजार मात्र )

ख) रेजिना के सी मृगौला रोगी रु ५०,००० ( पचास हजार रुपैया मात्र )

**निर्णय नं १९:** श्री जिल्ला समन्वय समितिको कार्यालय लमजुंगको च नं १२५० मिति २०७४/१०/०८ को पत्र अनुसार यस कार्यालयमा कार्यरत सामाजिक परिचालक श्री मनहरी सोती (सहायक पाँचौ ) को सेवा मिति २०७७ पुस मसान्तसम्म निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं २०:** यस नगरपालिकामा २०७७ असार मसान्तमा करार सेवा सम्झौता समाप्त भएको गरिबसंग विशेश्वर कार्यक्रम अन्तर्गतकी सामाजिक परिचालिका श्री गङ्गा थापा भण्डारीको सेवा सेवा २०७७ पुस मसान्तसम्म निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं २१:** यस नगरपालिकाका असिस्टेन्ट सब इन्जिनियर श्री परेक बोहरा निजको घरकालिकोटबाट कार्यालय आउदा कोरोनको जोखिमका कारणले बेशीसहरमा होटेल क्वारेन्टिन बस्दा खर्च भएको रु.३९,९०० मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं २२:** यस न. पा. वडा नं ६, खत्रीठाटीको अप्रेनी मोटरबाटो केतुकेधारा पहिरो नियन्त्रण, योजनाको लागि आवश्यक रकम ६६,४८५ रुपैया उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं २३:** भोटे ओडार आइसोलेसानमा पिपलबोट रिसोर्टले खाना खुवाएकोमा असोज १ गतेबाट लागु हुने गरि खानाको दररेट रु ५०० तोक्ने निर्णय गरियो ।

**निर्णय नं २४:** युवा संघ नेपाल सुन्दरबजारले मर्स्याङ्दी गा पा पल्लोटारीमा राहत वितरण गर्न जादा प्रयोग भएको सवारी साधनको भाडा रकम सहयोग स्वरूप रु २०,००० उपलब्ध गराउने निर्णय गरियो ।

[illegible] राज मिश्र
नगर प्रमुख